# कुखुराजन्य व्यवसाय धरासयी

*रासस*

चितवन, २२ असार

भरतपुरको लक्ष्मीपुरमा लामो समय कुखुरापालन व्यवसाय गरेका एक किसानको मृत्यु भएको तीन महिनामा बैंकले सबै सम्पत्ति लिलाम गर्‍यो । दुई दशकभन्दा बढी यो पेसामा लागेका किसानको मृत्युपछि परिवार बिचल्लीमा परेको छ । कतिपय कुखुरापालक किसान अहिले चेक अनादार मुद्दामा प्रहरी हिरासतमा छन् । त्यसो त दुई वर्षअघि यहाँका एक ठूला कुखुरा व्यवसायीले आत्महत्या गरेका थिए ।

नेपाल अण्डा उत्पादक संघका पूर्वअध्यक्ष त्रिलोचन कँडेल ८० प्रतिशत कुखुरापालक किसान विस्थापित भएको बताउँछन् । उनको भनाइमा अहिले कुखुरा पालिरहेकाहरु बैंकको ऋणका कारण ऋण थपेर व्यवसाय टिकाइरहेका छन् । कँडेलले भने, ‘कोभिडअघिसम्म कुखुरा पाल्ने किसान पाँच हजाार बढी थिए, अहिले घटेर एक हजार हाराहारी होलान् ।’

उनका अनुसार आधाभन्दा बढी किसान बैंकको कालोसूची, लिलाम प्रक्रिया र चेक बाउन्समा परेका छन् । साना किसानले थप आँट गरेर व्यवसाय नगरेको उहाँ बताउनुहुन्छ । ती किसानलाई बैंकले ऋण तिर्नका लागि दबाब दिइरहेको छ । किसान घटे पनि उत्पादन नघट्नुको पछाडि व्यावसायिक रुपमा फार्म खुलेका छन् । करिब ५० हजारदेखि पाँच लाखसम्म कुखुरा पाल्ने किसान ५० जना छन् ।

तिनै किसानका कारण उत्पादन विगतको तुलनामा कम घटेको कँडेल बताउँछन् । अहिले दैनिक ३० लाखदेखि ४० लाखसम्म समयअनुसार अण्डा उत्पादन हुने गर्दछ । चल्लाको उत्पादन भने आधा घटेको छ । पोल्ट्री व्यवसायी मञ्चका अध्यक्ष रघुनाथ भट्ट जसको कुखुरा बाँकी छ, उनीहरुको ४० प्रतिशतभन्दामाथि ऋण थपेर टिकेको बताउँछन् । अधिकांश व्यवसायीको अवस्था दयनीय रहेको उनले बताए ।

गत वर्षसम्म बैंकको चर्को ब्याज, दानाको मूल्य वृद्धि, अण्डाले उचित मूल्य नपाउनुजस्ता कारण कुखुराजन्य उद्योग सङ्कटमा परेको उनको भनाइ छ । उत्पादित चल्लाले बजार नपाउनु, सस्तो मूल्यमा कुखुराको मासु बिक्री गर्न बाध्य हुनुलगायत कारण पनि किसान सङ्कटमा पर्दै गएको भट्ट बताउँछन् ।

पोल्ट्री व्यवसायी मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछाने भूकम्प, नाकाबन्दी, कोभिड महामारी, आर्थिक मन्दीपछिका समयमा उत्पादित अण्डा र मासुले लागत मूल्य पाउन नसक्दा किसान विस्थापित भएको बताउँछन् । दानाको कच्चापदार्थ र औषधिको मूल्य दोब्बर बढेको, कामदारको ज्याला बढेको, खोरको भाडा बढेको, कार्टुन, क्रेटलगायत सामग्रीको मूल्य बढेको तर अण्डा र मासुको मूल्य लामो समयसम्म बढ्न नसक्दा किसानको अवस्था दयनीय बनेको उनले बताए ।

नेपाल लेयर्स कुखुरा पालक सङ्घका अध्यक्ष विनोद पोखरेल कुखुरा पालिरहेकाहरु पनि अधिकांशको ठूलोमात्रामा बैंक ऋण रहेको बताउँछन् । उनको भनाइमा धितो राखेर ऋण लिएकाहरुले धितो बिक्री गरेर ऋण तिर्ने अवस्थासमेत छैन । अहिले कुखुरापालन क्षेत्रमा बैंकमा रहेको धितोले ऋण तिर्न नपुग्ने सुनाए । तत्कालीन समयमा लिएको ऋणमा ऋण थप्दै ब्याज तिर्दै आउँदा कुखुरा राख्न नसक्ने अवस्थामा धेरै किसान पुगेको उनको भनाइ छ ।

पोखरेल किसान विस्थापित हुँदै गएको, ऋण तिर्न नसकेको र निरन्तर घाटामा काम गर्नुपरेकामा कसैको ध्यान नपुग्ने तर किसानले लागत मूल्य पाउने अवस्थामा सरकार र सरोकारवालाको ध्यान पुग्ने गरेको बताए । उनले भने, ‘तीन वर्षदेखि नोक्सान हुँदा कसैको ध्यान पुगेको छैन, किसानले लागत मूल्य पाउन थालेभन्दा धेरैको ध्यानाकर्षण हुन्छ ।’ नेपाल ह्याचरी उद्योग सङ्घका निवर्तमान अध्यक्ष ऋषि पौडेल धेरै ह्याचरी बन्द भइसकेको बताउँछन् । बाँकी रहेका ह्याचरीले उत्पादन गरेका चल्ला बिक्री नभएपछि पुर्नुपर्ने अवस्था अहिलेको रहेको उनले बताए । उनले अघि भने, ‘अब कुखुरापालन क्षेत्र टिक्ने अवस्थामा छैन ।’ सरकारले समयमा नै सम्बोधन गर्न नसकेमा आत्मनिर्भर रहेको यो व्यवसाय समाप्त भएर जाने उनको भनाइ छ ।

# लोप हुँदै खयर

*कविराज खनाल*

लेखनाथ, २२ असार

पाँच दशकअघिसम्म पोखरा क्षेत्रका पहाडी गाउँहरूमा दैनिकजसो उमालिने खयरको बुटो, ठुटो र चुरो (खदीरसार) आजभोलि लोपोन्मुख अवस्थामा पुगेको छ । परम्परागत चिया संस्कृतिको रूपमा रहेको यो घरेलु पेयलाई पुराना पुस्ताले रोग प्रतिरोधात्मक क्षमतावर्धक प्राकृतिक औषधि मानेर सेवन गर्दै आएका थिए ।

चिया नेपालीको दैनिकी मात्र होइन, संस्कार र स्वास्थ्यसँग समेत जोडिएको पेय हो । खयरको चियाले आधुनिक चियाभन्दा बेग्लै स्वाद र गुण दिन्छ । आयुर्वेद चिकित्सक डा. नारायण पाण्डेका अनुसार खयरको चुरो पकाएपछि धुलो बनाएर मिश्री, तुलसी पात र पुदिनहरा मिसाई बिहान-बेलुका खाली पेटमा सेवन गर्दा छाला रोग, मुखका खटिरा, कुष्ठरोग लगायत विभिन्न दोष विकारहरूमा लाभ मिल्छ । ‘यसको दीर्घकालीन सेवनले कुनै नकारात्मक असर देखिएको छैन,’ उनले भने ।

पोखरा महानगरपालिका-३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्की ऋषिको तपोभूमि भएकोले यस क्षेत्रमा औषधिजन्य वनस्पति प्रशस्त पाइने बताउँछन् । ‘यो क्षेत्र गर्ग र च्यवन ऋषिको तपोभूमि भएकाले औषधिजन्य वनस्पतिहरू प्रशस्त पाइन्छन्,’ उनले भने, ‘खयरको परम्परागत प्रयोगको पुनरुत्थानका लागि वडाले ५० रोपनी जमिन जडीबुटी संकलन केन्द्रका लागि छुट्याइसकेको छ । तर प्रदेश सरकारले अझै चासो देखाएको छैन ।’

सामुदायिक वनहरूले संरक्षण गरिरहेका खयर वनस्पतिलाई निजी वन क्षेत्रबाट नियमनअनुसार कटानी र बिक्रीको अनुमति दिइएको सब डिभिजन वन कार्यालय लेखनाथका अधिकृत सरोज जमरकट्टेलले जानकारी दिए । ‘वन विभागले खयरको संरक्षण र उपयोगलाई प्राथमिकतामा राखेको छ । खयरको कठ्थ भारत निर्यात भइरहेको छ र यसको प्रयोग पान, रंग, औषधि र कपडा रंगाउने क्षेत्रमा हुँदै आएको छ,’ उनले भने ।

पुराना पुस्ताको अमूल्य अनुभव ९० वर्षीय होमनाथ आचार्य विगत ९ दशकदेखि खयरको चिया सेवन गर्दै आएका छन् । भूतपूर्व सैनिक आचार्य भन्छन्, ‘सानैदेखि खयरको बुटो उमालेर चिया बनाउँथ्यौं । यसले प्रेसर, सुगर, ग्यास्ट्रिकदेखि लिएर क्यान्सरसम्मका रोगमा पनि राहत दिने अनुभव गरेका छौं । अहिले रंगीबिरंगी बजारिया चियाले यो परम्परा ओझेलमा परेको छ । सबै नेपालीले यसको उपयोग गर्नुपर्छ भन्ने मेरो आग्रह छ ।’ खयर केवल बनस्पति होइन, नेपाली समाजको स्वास्थ्य, संस्कृति र जीवनशैलीसँग गाँसिएको अमूल्य सम्पदा हो । वैज्ञानिक अध्ययनहरूले पनि यसको एन्टीबायोटिक, एन्टीइन्फ्लेमेटोरी र रक्तचाप नियन्त्रण गर्ने क्षमता पुष्टि गरेका छन् । परम्परागत ज्ञान र आधुनिक अनुसन्धानको संगमले खयरलाई औषधीय र पर्यावरणीय दृष्टिले उच्च मूल्यको बनस्पति बनाएको जानकारहरु बताउँछन् ।

# शान्ति निकेतनमा विद्यार्थी सम्मान

**पोखरा, २२ असार (आदर्श समाज)-** पोखराको पर्स्याङशान्ति निकेतन स्कूलले एसईई २०८१ मा सफल विद्यार्थीहरूलाई एक विशेष कार्यक्रमका बीच शनिबार सम्मान गरेको छ । विद्यालयले ४.०० जीपीए प्राप्त गर्न सफल अनुपम पराजुली र निश्चल कोइरालालाई जनही १ लाख नगदसहित सम्मान गरेको हो । साथै, परीक्षामा सफल ३९ जना सम्पूर्ण विद्यार्थीलाई पनि विद्यालयले सम्मानपत्र प्रदान गरेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले उत्तीर्ण विद्यार्थीहरूलाई बधाई दिँदै राष्ट्रको आवश्यकता अनुरूप सक्षम जनशक्ति बन्न सुझाव दिए । उनले शान्ति निकेतनलाई जिल्लाकै उत्कृष्ट शैक्षिक संस्था भन्दै यसको शैक्षिक विरासत जोगाइराख्न आग्रह गरे । प्रमुख आचार्यले कम जीपीए ल्याएका विद्यार्थीहरूलाई पनि प्रोत्साहित गर्नुपर्ने आवश्यकता औंल्याउँदै, बालबालिकालाई जीवन उपयोगी सीप सिकाउनुपर्छ भन्ने धारणा राखे । साथै, विद्यार्थीहरूलाई सामाजिक गतिविधिमा सक्रिय सहभागिताको पनि सुझाव दिए । विद्यालयका प्राचार्य डा. महेश्वर पराजुलीले विद्यार्थीकै लगनशीलता, शिक्षकहरूको इमान्दारिता र समर्पण, अभिभावकहरूको चासो तथा विद्यालय प्रशासनको सक्रियताले नै उत्कृष्ट नतिजा ल्याउन सम्भव भएको बताए। उनले विद्यार्थीको मनोबल उच्च बनाउन यस किसिमको सम्मान कार्यक्रम आयोजना गरिएको स्पष्ट पारे ।

४.०० जीपीए ल्याउन सफल अनुपम पराजुली र निश्चल कोइरालाले यो उपलब्धि व्यक्तिगत मात्र नभई परिवार, शिक्षक, विद्यालय र महानगरको संयुक्त सफलताको परिणाम भएको बताए । उनले चार जीपीए प्राप्त गर्न सजिलो नभए पनि सम्भव अवश्य रहेको उल्लेख गरे ।

कार्यक्रममा विद्यालयका अध्यक्ष कृष्णमणि भूर्त्याल, बाराही माविका प्रधानाध्यापक शिवप्रसाद भण्डारी, अभिभावक प्रतिनिधि कमल पौडेल ‘अथक’ लगायतले पनि आ-आफ्ना धारणा राख्दै, शान्ति निकेतनको अभ्यास अन्य विद्यालयहरूले पनि अनुकरणीय रूपमा लिनुपर्ने बताए । विद्यालय अध्यक्ष भूर्त्यालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन शिक्षक हेम सुवेदीले गरेका थिए ।


## कर्मचारी आवश्यकता

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०३।२३**

यस संस्थाको लागि तपसिल बमोजिमको कर्मचारीको खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट यस संस्थाको मुख्य कार्यालयमा वा संस्थाको ईमेल ठेगाना (jayasahakari@gmail.com) मार्फत निवेदन, व्यक्तिगत विवरण (Bio-Data), नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सवारी चालक अनुमतिपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्रको प्रतिलिपि, १ प्रति पासपोर्ट साइज फोटो, सहित आवेदन दिन सकिने गरी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | पद | माग संख्या | उमेर | योग्यता |
|---|---|---|---|---|
| १ | अधिकृत (Officer) | १ | २५ वर्ष पूरा भई ४० वर्ष पूरा नभएको | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको<br>• कम्प्युटर सम्बन्धी (Word /Excel) राम्रो ज्ञान भएको<br>• दुईपांग्रे सवारी चालक अनुमतिपत्र प्राप्त गरेको<br>• सहकारी तथा वित्तीय संस्थामा कर्जा बिभागमा वा सहायक ब्यवस्थापक वा ब्यवस्थापक भई कम्तीमा ५ वर्ष काम गरेको |

**दरखास्त दिने अन्तिम मिति:** २०८२।०३।२९ गते कार्यालय समयभित्र,
**छनौट प्रक्रिया:** अन्तर्वार्ता र प्रयोगात्मक
**तलब सुविधा:** संस्थाको नियमअनुसार
**आवेदन शुल्क:** रु ५००
आवश्यक कागजात पूरा नभएको निवेदनउपर कुनै कारवाही हुने छैन ।
**नोट:** छनौट सम्बन्धि सर्वाधिकार पदपूर्ति उप समिति समितिमा निहीत रहने छ, छनौट भएका कर्मचारीले संस्थाको जुनसुकै कार्यालयमा पनि कार्य सम्पादन गर्नुपर्ने छ ।

**पदपूर्ति उप समिति**

जय मनकामना बचत तथा ऋण सहकारी संस्था लिमिटेड
JAYA MANAKAMANA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
मुख्य कार्यालय: पोखरा-१९, लामाचौर, फोन नं: ०६१-४४४९००, ४४४३७०
सेवा केन्द्र: पोखरा-०८, मानवअधिकार चोक (UFO अगाडी), फोन नं: ०६१-५८३६४७



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना २३ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालयबेनी बाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| बलभद्र बिश्वर्माको नाति मनिरत्न बिश्वकर्माको छोरा पर्वत जिल्ला बासखर्क वडा नं. ८ हाल, जलजला गा.पा. वडा नं. २ बस्ने **विजय विश्वकर्मा** (ना.प्र.नं. : ९०१९ जारी मिति र जिल्ला : .२०५२./०५/०६, पर्वत) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) कबिराम कामीको छोरी मनिरत्न विश्वकर्माको बुहारी विजय विश्वकर्माको पत्नी पर्वत जिल्ला माझ फाँट वडा नं. ८ हाल, जलजला गा.पा. वडा नं. २ बस्ने **सगिंता विश्वकर्मा** (ना.प्र.नं. : ४४०८१ जारी मिति र जिल्ला : २०६०/१२/२९, पर्वत) |
| २) पद्मलाल बि.क.को नाति चन्द्र बहादुर खड्का भन्ने चन्द्र बहादुर बि.क.को छोरा म्याग्दी जिल्ला बेनी न.पा. वडा नं. ५ बस्ने **कर्ण बहादुर बि.क.** (ना.प्र.नं. : ४९-०१-७५-०२५९८ जारी मिति र जिल्ला : २०७५/०८/०२, म्याग्दी) |

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०७/१६**
**दोस्रो पटक प्रकाशित मिति : २०८२/०३/२३**

तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट घरयासी कार्य प्रयोजनको लागि आवाश कर्जा शिर्षक अन्तर्गत ऋण लिनु भएकोमा उक्त कर्जाको समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना साथै अन्य दै-दस्तुर रकम नबुझाई आलटाल गरेकोले उक्त कर्जाको साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक रुपमा तरताकेता गर्दा र मिति २०७९/०३/१० गते आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा ऋण भुक्तानी गर्न आउनेबारे १५ दिने सार्वजनिक सूचना, दोस्रो पटक मिति २०७९/०४/२५ गते आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा ऋण भुक्तानी गर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना र मिति २०७९/०५/३१ गते आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा ऋण भुक्तानी गर्न आउनेबारे ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणको साँवा, ब्याज, हर्जना साथै अन्य दै-दस्तुर रकम जम्मा गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले यस संस्थाले निज ऋणी संग लिनु पर्ने साँवा, ब्याज तथा हर्जना शुल्क र अन्य दै-दस्तुर समेत असुल उपर गरिदिनका लागि सहकारी ऐन २०७४, सहकारी नियमावली -२०७५, प्रचलित सहकारी मापदण्ड, नीति नियम एवम् यस संस्थाको विनियम २०७६, समेतले दिइएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेखित जग्गाहरु जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नको लागि **मिति २०७९/०७/१६ गते ३५ दिने धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको र उक्त सूचनाको अनुसार धितो सकार गर्ने ब्यक्ति/संस्था नआएकोले पुन दोस्रो पटक मिति २०८२/०३/२३ गते धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ, उक्त सूचना बमोजिम ८ औं दिन अर्थात मिति २०८२/०३/३० गतेका दिन लिलाम बिक्री गरिने कार्यक्रम रहेकोमा उक्त दिन निम्न मिति, समय र स्थानमा डाँक बढाबढ (गोप्य शिलबन्दी बोलपत्र) प्रक्रियाबाट लिलाम बिक्री** गरिने भएकोले सो लिलाम बिक्रीमा डाँक बढाबढ गरी लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । लिलाम हुनु अघि नै यस संस्थालाई तिर्नु, बुझाउनु पर्ने ऋणको साँवा, ब्याज, हर्जना, तथा अन्य दै-दस्तुर सहित लेना रकम समेत तिरि, तिर्न लगाई चुक्ता गरी धितो फुकुवा गरी लैजान ऋणी तथा जमानतकर्ताहरुलाई यो अन्तिम अवसर दिईएको छ । धितोमा रहेको जग्गा लिलाम बिक्रीबाट पनि यस संस्थाले लिनु पर्ने सम्पूर्ण साँवा ब्याज, हर्जना तथा अन्य शुल्क तथा दै-दस्तुर आदि असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको नाउँमा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरी लिईनेछ ।

**तपसिल :**

**जग्गाधनी तथा ऋणीको विवरण :-**
**नाम, थर : अमृत वि.क.**
बाबुको नाम : पूर्णसिंह वि.क.
बाजेको नाम : खड्का वि.क.
स्थायी ठेगाना : माछापुच्छ्रे गा.पा. -०६, कास्की
साविक ठेगाना : धिताल गा.वि.स -३, कास्की
हाल बसोबास : माछापुच्छ्रे गा.पा. -०६, कास्की
ना.प्र.नं. : १३६५४९/ जिल्ला प्रशासन कार्यालय, कास्की
जारी मिति : २०६०/०२/२६

**धनजमानीकर्ताको विवरण :-**
**१. नाम, थर : राजेन्द्र नेपाली**
बाबुको नाम : लिले सार्की
बाजेको नाम : लक्ष्मण सार्की
स्थायी ठेगाना : अन्नपूर्ण गा.पा. -१, कास्की
साविक ठेगाना : ढिकुरपोखरी गा.वि.स. -१, कास्की
हाल बसोबास : अन्नपूर्ण गा.पा.-१, कास्की
ना.प्र.नं.: ११९६४८ / जिल्ला प्रशासन कार्यालय, कास्की,
जारी मिति : २०५८/०७/१६

**२. नाम, थर : टिकाराम थापा**
बाबुको नाम : कहर सिं दमाई
बाजेको नाम : बल विर दमाई
स्थायी ठेगाना : जलजला गा.पा. -०४, पर्वत
हाल बसोबास : पोखरा म.न.पा.-०२, कास्की
ना.प्र.नं.: ५१-०१-६८-०००४७ /जिल्ला प्रशासन कार्यालय, पर्वत
जारी मिति : २०६८/१२/२०

**धितो राखिएको सम्पत्ति विवरण :**
जग्गाधनीको नाम : अमृत वि.क.
हालको जग्गा ठेगाना : माछापुच्छ्रे गा.पा. - ४, कास्की

| जिल्ला | गा.वि.स/ न.पा. | वडा नं. | सिट नं | कित्ता नं. | किसिम | क्षेत्रफल / ब.मि. |
|---|---|---|---|---|---|---|
| कास्की | लाहाचोक | २ | ०९३०५९५ | ११०४ | भि.पा.बा.अ. | ०-५-२-३ / १८०.८२ |

**पञ्चकृत मुल्याङ्कन रकम**
**रु. १५,००,०००/-**
**(अक्षरुपी पन्ध्र लाख रुपैंया मात्र)**

**धितो लिलामसम्बन्धी शर्तहरु :-**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ८ औं दिन अर्थात २०८२/०३/३० गते दिनको ३ बजे देखि ४ बजे सम्ममा यस संस्थाको कार्यालय सृजनाचोक, पोखरा म.न.पा. -०८, कास्की मा लिलाम डाँक (गोप्य शिलबन्दी बोलपत्र) सम्बन्धी कार्य हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. लिलाम डाँक बढाबढमा भाग लिन ईच्छुक व्यक्ति स्वयं सक्कल नागरिकता लिई उपस्थित हुनुपर्नेछ । संगठित संस्थाको हकमा रित पूर्वकको अख्तियारी तथा संगठित संस्थाको दर्तासँग सम्बन्धित कागजातहरु सहित उपस्थित हुनुपर्नेछ ।
३. धितो सम्पत्तीको पञ्चकृत मूल्यलाई आधार मानी लिलामी डाँक बढाबढ हुनेछ । धितो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थाले आफुले कबुल गरेको मूल्य अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस संस्थामा तत्काल जम्मा गर्नु पर्नेछ ।
४. सबै भन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थालाई धितो सम्पत्ती बिक्री गर्ने नगर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ । संस्थाले धितो सम्पत्ती लिलाम बिक्री गर्ने निर्णय भई जानकारी दिएपछि लिलाम सकार्ने ब्यक्तिले सोको ७ दिन भित्र बाँकी सम्पूर्ण मूल्य रकम संस्थामा दाखिला गरी सक्नु पर्नेछ, अन्यथा निजको धरौटी रकम जफत हुनेछ ।
५. लिलाम सकार गर्नेले सकार गरेको पूरा रकम उक्त तोकिएको समय भित्र बुझाएमा लिलाम सकारेको उक्त जग्गा निजको नाउँमा नामसारीका लागि आवश्यक प्रक्रिया अघि बढाईनेछ । सो सम्बन्धी लाग्ने राजस्व तथा अन्य सम्पूर्ण खर्च धितो सकार्नेले ब्यहोर्नु पर्नेछ ।
६. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ वा पुन धितो लिलाम बढाबढमा सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. लिलाम हुने धितो सम्पत्ति सम्बन्धी कागजात र लिलाम सम्बन्धी अन्य जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**नोट : यस गोल्डेन बचत तथा ऋण सहकारी संस्था लि. बाट कर्जा लिई समय समयमा बुझाउनुपर्ने मासिक किस्ता रकम नबुझाउने अन्य ऋणीहरुले समेत संस्थामा तुरुन्त सम्पर्क राखी ऋणको किस्ता रकम किस्ता तालिका अनुसार बुझाउनु होला । अन्यथा क्रमश : अन्य ऋणीहरुको समेत सूचना प्रकाशित गरी रकम असुल उपरको कारबाही अघि बढाइने व्यहोरा सुचित गरिन्छ।**

दर्ता नं. ६४९/०६६/०६७ पान नं. : ३०३७५६३०१

“सहकार्यका लागि सहकारी”
गोल्डेन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Golden Saving & Credit Co-operative Ltd.
सृजनाचोक, पोखरा म.न.पा.-८, कास्की, ☎.: ०६१-५८८५६७, ५८८५६८
आवद्धता नेफ्स्कून


**प्रकाशक :** आदर्श समाज बहुमुखी प्रकाशन (प्रा.) लि., नयाँसडक, पोखरा, फोन: ०६१-५८१२००, ५७१४८४ । E-mail: adrsamaj@gmail.com, www.eAdarsha.com, **प्रबन्ध निर्देशक:** अमृत बाँस्तोला, **प्रधान सम्पादक:** कृष्णप्रसाद बाँस्तोला